सूचनाको हक सम्बन्धी एन, २०६४ को दफा ५ (३) र नियमावलीको नियम ३ बमोजिम सार्वजनिक गरीएको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, रुपन्देही संग सम्बन्धित स्वतः प्रकाशन

(Pro-active Disclosure)

**२०८१ बैशाख ०१ गते देखि असार मसान्त सम्म**

## १.भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, रुपन्देहीको स्वरुप र प्रकृतिः

भेटेरिनरि अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र रुपन्देहिले "स्वस्थ र स्वच्छ पशुजन्य उत्पादन गोठ देखि ओंठसम्म" भन्ने मुल नाराका साथ पशुजन्य उत्पादनलाई वढावा दिंदै त्यसको आधुनिकिकरण गर्ने र उत्पादित वस्तुहरुको व्यवस्थित बजारिकरणमा टेवा पुर्याउनुको साथै आम उपभोक्ताहरुलाई सहज र गुणस्तरिय स्वस्थकर उत्पादनहरु पुर्याउन हरदम प्रयासरत छ ।

उत्पादित वस्तुहरुलाई विविधिकरण गर्दै स्थानिय बजारलाई आवश्यक पर्ने पशुजन्य पदार्थहरुको सहज पहुंच पुर्याउंदै नविनतम प्रविधिहरुको प्रयोगले उत्पादन लागत घटाउनुनै आजको आवश्यकता रहेको छ । एकातर्फ कुपोषणको समस्या रहेको छ भने अर्कोतर्फ व्यवस्थित बजार स्थापित हुन नसक्दा आम उपभोक्ताहरु खाध्यवस्तुहरुको सहज पहुंच भन्दा वाहिर छन तसर्थ उत्पादित वस्तुहरुलाई राष्ट्रियमार्गको पहुंचमा पुर्याउंदै राष्ट्रलाईनै पशुजन्य उत्पादनहरुबाट आत्मनिर्भर तर्फ उन्मुख गराउने यस केन्द्रको सोंच रहेको छ ।

स्थानिय तहहरुसंग सामिप्यको सम्बन्ध र सहकार्य गर्दै आवश्यकता पहिचानको आधारमा कार्यक्रमहरु संचालन गरेर हामि निरन्तर सेवामा खटिरहेका छौं । दिगो बजार व्यवस्थापन, स्वस्थ र स्वच्छ उत्पादन गर्दै उत्पादित वस्तुहरुको विविधिकरण गर्दै आमजनताको सहज पहुंचको निम्ति यस केन्द्र प्रयासरत छ ।

एक स्वास्थ्य अवधारणा(One Health Approach) लाई आत्मसाथ गर्दै पशुस्वास्थ्य सवल नरहेसम्म मानव स्वास्थ्य सवल हुंदैन भन्ने विश्वव्यापि भावनालाई चरितार्थ गर्दै हामि यहांहरुको निरन्तर सहयोग र सहकार्यको अपेक्षा राख्दछौं ।

जिविकोपार्जनको लागि मात्र होईन पशुपन्छि र मत्स्यपालन यो त उन्नति र प्रगतिका लागि हो भन्ने यथार्थ चित्रण गर्ने जिल्ला हो रुपन्देहि। ४५ लिटर सम्म दुध दिने गाई, ३० लिटर भन्दा बढि दुध दिने भैंसि, उन्नत नश्लका बोयर र बिटल जातका बाख्रा, उन्नत नश्लका बंगुर, कुखुरा, बट्टाई, कालिज आदिको संगम हो रुपन्देहि ।लुम्बिनि प्रदेशको सवैभन्दा बढि क्षेत्रफलमा यहां माछापालन गरिनुका साथै सवैभन्दा बढि माछाको उत्पादकत्व पनि यस जिल्लाको छ ।आगामि दिनहरुमा पशुजन्य उत्पादनहरुको मुल्य श्रृङ्खलामा जोड दिंदै थप व्यवस्थित र स्वस्थ बजार, सहज पहंच, गुणस्तरिय स्वच्छ र स्वस्थ उत्पादन बजारको परिकल्पनामा टेवा पुर्याउंदै यस क्षेत्रको समग्र विकासको निमित्त यस कार्यालय अहोरात्र खटिरहेको छ ।

## २. भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, रुपन्देहीको काम कर्तब्य र अधिकारः

पशु चिकित्सा तथा प्रयोगशाला शाखा

- पशुपन्छी रोग अन्वेषण तथा निदान गर्ने।
- विशिष्टिकृत पशुपन्छी तथा मत्स्यका लागि औषधोपचार सेवा सञ्चालन गर्ने।
- पशुपन्छीलाई शल्यचिकित्सा सेवा उपलब्ध गराउने।
- पशुपन्छीको परिक्षण तथा रोग निदानका लागि आधुनिक प्रविधिको सेवा उपलब्ध गराउने।
- पशुपन्छी रोग सर्भिलेन्स गर्ने।
- पशुपन्छी तथा माछाका लागि प्रयोगशाला सेवा सञ्चालन गर्ने।
- उच्च प्रविधियुक्त रेडियोलोजिकल सेवा उपलब्ध गराउने। अल्ट्रसोनोग्राफी, एक्स रे लगायतका सेवा उपलब्ध गराउने।
- आवश्यकताअनुसार कार्यक्षेत्र भित्र विशिष्टिकृत सेवा सहित विशेषज्ञबाट घुम्ती स्वास्थ्यशिविर, बाझोपन निवारण शिविर सञ्चालन गर्ने।

- दुध, रगत, गोर, पिसाब र छालाको नमुना परिक्षण गर्ने।
- दुध, रगत, गोर, पिसाब र छालाको कल्चर सेवा गर्ने।
- एन्टिवायोटिक सेन्सिटिभिटी परिक्षण सेवा सञ्चालन गर्ने।
- ईपिडेमियोलोजिकल सर्भिलेन्स तथासिर्पोटिङ्ग समन्वय गर्ने।
- कार्यक्षेत्र भित्र शल्यचिकित्सा सेवा तथा रेविज रोग नियन्त्रणका लागि घरपालुवा तथा सामुदायिक कुकुर नियन्त्रण तथा बन्ध्याकरण सेवा सञ्चालन गर्ने।
- कार्यक्षेत्रमा खोपेको माग तथा आपुर्ति व्यस्थापन गर्ने।
- उत्पादित पशुपन्छी, माछा, अन्य उन्पादनको स्वच्छता तथास्वस्थतानिर्धारण गर्दै भेटेरिनरी स्वास्थय प्रमाणपत्र जारी गर्ने।
- कार्यक्षेत्र भित्र पशु स्वास्थ्य नियमन सेवा सञ्चालन सहजीकरण गर्ने।
- कार्यक्षेत्र भित्र पशुपन्छीजन्य महामारी एवं प्रकोप व्यस्थापन गर्ने।
- कार्यक्षेत्रमा पशु स्वास्थ्य नियमन कार्यन्वयन गर्ने।
- कार्यक्षेत्रमा जुनोटिक रोगहरुको रोकथाम, नियन्त्रण गर्ने।
- कार्यक्षेत्रमा घुम्ती भेटेरनिरी सेवाप्रवाह गर्ने।
- आधुनिक पशु उपचार सम्बन्धि प्रविधि हस्तान्त्रण तथा विस्तार गर्ने।
- कार्यक्षेत्रमा पशु स्वास्थ्य सम्बन्धि जनचेतनामूलक कार्य सञ्चालन गर्ने।
- कार्यक्षेत्र भित्र कार्यक्रमको अनुगमन गर्ने पृष्ठपोषण गर्ने, दुध, फुल, मासुको पसल एवं वधस्थल अनुगमन व्यवस्थापन गर्ने।
- एक स्वास्थ्यको अवधारणा कार्यन्वयन गर्ने कार्यक्षेत्र भित्रका स्वास्थ्य संस्थाहरुसंग समन्वय गर्ने।
- प्रचलित कानुन बमोजिम अन्य कार्य गर्ने।

पशु विकास तथा प्रविधि प्रसार शाखा

- तरल नाईट्रोजन र जमेको विर्य भण्डारण र वितरण एवं सामुदायिक पशु प्रजनन् सेवा सञ्चालन।
- कार्यक्षेत्र मातहतमा केन्द्रको समन्वय पशु प्रजनने संग सम्बन्धित समस्याहरुको निराकरण गर्न विशेष कार्यक्रमहरु संचालन गर्ने।
- स्थानियतहको कार्यसम्पादन स्तरमा रहेको कमी परिपूर्ति गर्न आवश्यक सहयोग गर्ने।
- कार्यक्षेत्रमा देखा परेका चुनौतिहरुलाई सम्बोधन गर्न अध्ययन, परिक्षण, अनुसन्धान सेवाप्रवाह गर्ने।
- कार्यक्षेत्र भित्र आवश्यक घाँसको बीउ, सेट्स आदिको माग संकलन तथा आपूर्ति व्यवस्थापन सहजीकरण गर्ने।
- पशुपन्छी, पशुपन्छीजन्य पदार्थ रपशु उत्पादन सामग्रीको सम्बन्धि तथ्याङ्क व्यवस्थापन गर्ने।
- पशुपन्छी प्रसार कृषक तालिम तथा क्षमता विकास र सशक्तिकरण गर्ने।
- कृषि र पशुपन्छी बिमा सम्बन्धि योजना कार्यन्वयन गर्ने।
- पशुपन्छी निजिफार्म तथा स्रोत केन्द्रहरुको विकास र व्यवस्थापन गर्ने।
- असलपशुपालनअभ्यास प्रबद्रधन तथाबिस्तार, प्रविधिबिस्तार, यान्त्रिकरण व्यवस्थापन गर्ने।
- क्षमता अविवृद्धि, समाजिक परिचालन, जनसेवा अविवृद्ध तथा संस्थागत सुधार गर्ने।
- उन तथा पश्मिनाको प्रवद्र्धन गर्ने।
- प्रविधि प्रसारका लागि पशु सेवा सुचना केन्द्र तथा अभिलेखालय संचालन, तालिम सामग्री निर्माण गर्ने।
- दुध, फुल तथा मासुमा आत्मनिर्भर हुन आफ्नो क्षेत्रभित्र कार्ययोजना तयार गर्ने एवं अभियान कार्यक्रम कार्यन्वयन गर्ने।

मत्स्य विकास शाखा

- कार्यक्षेत्रका स्थानियतहहरुलाई मत्स्य व्यवसाय प्रवद्र्धनमा प्राविधिक सहयोग गर्ने।
- कार्यक्षेत्र भित्र मत्स्यपालनमा देखिएका समस्या समाधानमा समन्वय गर्ने।

- कार्यक्षेत्रको मत्स्य सम्बन्धि तथ्याङ्क अध्यावधिक गर्ने।
- कार्यक्षेत्रमा देखा परेका मत्स्यपानल संग सम्बन्धित चुनौतिहरुलाई सम्बोधन गर्ने, अध्ययन, परिक्षण, अनुसन्धान सेवाप्रवाह गर्ने।
- मत्स्य गुणस्तरीय उत्पादन सामग्रीवस्थापन र निगमन सम्बन्धिर्यमा सहयोगी भूमिका खेल्ने।

प्रशाशन शाखा

- कर्मचारी प्रशासन सम्बन्धिकार्य गर्ने।
- अन्य सम्पुर्ण प्रशाशनिक कार्यहरु संचालन गर्ने।
- कार्यलयको लेखा तथा श्रेस्ता व्यवस्थापन सम्बन्धि कार्य गर्ने।
- जिन्सी र स्टोर व्यवस्थापन गर्ने।
- जनशक्ति व्यवस्थापन गर्ने।

### ३. भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, रुपन्देहीको स्विकृत विवरण र अभिलेख:

| सि नं | पद | श्रेणी/तह | सेवा | समुह/उपसमुह | दरबन्दी | पदपूर्ति | रिक्त |
|---|---|---|---|---|---|---|---|
| १ | वरिष्ठ पशु चिकित्सक/वरिष्ठ पशु विकास अधिकृत/ वरिष्ठ मत्स्य विकास अधिकृत | नवौं /दशौं | कृषि | मत्स्य | १ | १ | ० |
| २ | मत्स्य विकास अधिकृत | आठौं/सातौं | कृषि | मत्स्य | १ | १ | ० |
| ३ | पशु चिकित्सक | आठौं/सातौं | कृषि | भेटेरिनरी | १ | ० | १ |
| ४ | पशु विकास अधिकृत | आठौं/सातौं | कृषि | ला.पो.डे.डे. | १ | ० | १ |
| ५ | प्रशासन | छैठौं | प्रशासन | प्रशासन | १ | १ | ० |
| ६ | लेखा | छैठौं | प्रशासन | लेखा | १ | १ | ० |
| ७ | प.से.प्रा. | छैठौं/पाचौं | कृषि | ला.पो.डे.डे. | १ | १ | ० |
| ८ | प.स्वा.प्रा. | छैठौं/पाचौं | कृषि | भेटेरिनरी | १ | ० | १ |
| ९ | प्रा.स मत्स्य | छैठौं/पाचौं | कृषि | मत्स्य | १ | ० | १ |
| १० | ना.प.से.प्रा. | पाचौं /चौथो | कृषि | ला.पो.डे.डे. | १ | १ | ० |
| ११ | ना.प.स्वा.प्रा. | पाचौं /चौथो | कृषि | भेटेरिनरी | १ | १ | ० |
| १२ | ना.प्रा.स मत्स्य | पाचौं /चौथो | कृषि | मत्स्य | १ | ० | १ |
| १३ | कार्यालय सहयोगी | | प्रशासन | | २ | २ | |
| १४ | ह. स. चा. | | प्रशासन | | १ | १ | |
| जम्मा | | | | | १५ | १० | ५ |

दरबन्दी बाहेक, १ पशु चिकित्सक, १ सिभिल ईन्जिनियर, १ बगैंचे र स्थानिय तहमा १२ जना नायब पशु सेवा प्राविधिक गरी जम्मा १५ जना करारमा रहेको।

### ४. भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, रुपन्देहीकोबाट प्रदान गरिने सेवा (नागरिक वडा पत्र):

| क. सं. | प्रदान गरिने सेवा | आवश्यक पर्ने | | | जिमेवार शाखा | गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|---|---|---|
| | | कागजात | समय | शुल्क | | |
| १ | पशु चिकित्सातथाप्रयोगशाला | | | | | |
| १.१ | पशुपन्छी तथामत्स्यको रोग निदान, औषधोपचार तथा प्रयोगशाला सेवा | बिल/ राजश्व | कार्यालय समय | तोकिए अनुसार | | |
| १.२ | शल्यचिकित्सा तथा पोष्ट-मोर्टम सेवा | नपर्ने | कार्यालय समय | तोकिए अनुसार | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १.३ | गर्भ परिक्षण तथा प्रजनन् विकृति सेवा | नपर्ने | कार्यालय समय | निःशुल्क | पशु चिकित्सा शाखा/डिस्पेन्सरी unit | कार्यालय प्रमुख |
| १.४ | नमुना संकलन तथा प्रेषण | स्थानिय तहको सिफारिस वा परिपत्र | तुरुन्त | निःशुल्क | | |
| १.५ | दुध रगत गोबर पिसाव र छालाको नमुना परिक्षण | बिल/ राजश्व | कार्यालय समय | तोकिए अनुसार | | |
| १.६ | कार्यक्षेत्रमाखोपको मागतथाआपुर्ति व्यस्थापन | मागको आकृति | कार्यालय समय | निःशुल्क | | |
| १.७ | पशुपन्छीजन्य महामारी एवं प्रकोप व्यस्थापन तथा आपतकालिन सेवा सञ्चालन | स्थानिय तहको सिफारिस वा परिपत्र | तुरुन्त | निःशुल्क | | |
| **२** | **पशु विकास तथाप्रविधि प्रसार** | | | | | |
| २.१ | लागत साझेदारीमा अनुदान सम्बन्धि कार्यक्रमहरु | स्वीकृत कार्यविधि र कार्यक्रम अनुसार | सम्झौतामा उल्लेख भएबमोजिम | कार्यविधिमा तोकिएअनुसार | योजना तथा आर्थिक प्रशासन शाखा/३ र ४ नं. | कार्यालय प्रमुख |
| २.२ | पशुपन्छी रपशु उत्पादन तथ्याङ्क व्यवस्थापन | नपर्ने | कार्यालय समय | निःशुल्क | पशु विकास शाखा/३ नं. | |
| २.३ | कृत्रिम गर्भाधान सेवा तरल नाईट्रोजन र जमेको विर्य भण्डारण र वितरण सेवा | नपर्ने | कार्यालय समय | तोकिए अनुसार | | |
| **३** | **मत्स्यविकास** | | | | | |
| ३.१ | मत्स्य रोग निदान तथा प्राविधिक सेवा | नपर्ने | कार्यालय समय | निःशुल्क | मत्स्य विकास शाखा/२नं. | कार्यालय प्रमुख |
| ३.२ | मत्स्य सम्बन्धितथ्याङ्क अध्यावधिक सेवा | नपर्ने | कार्यालय समय | निःशुल्क | | |
| **४** | **आर्थिक प्रसाशन** | | | | | |
| ४.१ | जिन्सी र स्टोर व्यवस्थापन | नियमित आवश्यकता अनुसार | | | प्रशासन शाखा/ ५नं. | कार्यालय प्रमुख |
| ४.२ | जनशक्ति व्यवस्थापन | नियमित आवश्यकता अनुसार | | | प्रशासन शाखा/ ५ नं. | |
| ४.३ | लेखा तथा श्रेस्ता व्यवस्थापन तथा सम्पुर्ण प्रसाशनिक कार्यहरु संचालन | नियमित आवश्यकता अनुसार | | | लेखा शाखा/ ४ नं. | |

कार्यालयका सम्पुर्ण गतिविधिहरु, सूचना, जानकारीहरु समाजिक संजाल फेसबुक पेज Veterinary Hospital and livestock services expert centre, Rupandehi र वेबसाईट rupandehi.vethos.gov.np र फोन मार्फत नियमित अद्यावधिक गर्ने गरीएको छ। साथै नागरिक वडापत्रको समेत व्यवस्था गरीएको छ, जसबाट सेवाग्राहिको सूचनाको हक कार्यान्वयनमा सुनिश्चित भएको छ।

Help Desk (सोधपुछ कक्ष) सञ्चालन:

कार्यालयबाट प्रवाह हुने सेवा प्रासिको प्रक्रियाबारे सेवाग्राहिलाई सहयोग गर्ने ब्यवस्था मिलाईएको छ।

कार्यालयमा सूचना अधिकारीको ब्यवस्था:

वरिष्ठ मत्स्य विकास अधिकृत श्री रुची श्रीवास्तवलाई सूचना अधिकारी तोकिएको छ।

## ५. भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, रुपन्देहीमा रहेको शाखा र जिम्मेवार अधिकारी:

| क.सं. | शाखाको नाम | जिम्मेवार अधिकारी | सम्पर्क नं |
|---|---|---|---|
| १ | मत्स्य विकास शाखा | विरेन्द्र चौधरी<br>रुची श्रीवास्तव | ९८१५४५४४३१<br>९८५७०११२६१ |
| २ | पशु विकास तथा प्रविधि प्रसार शाखा | टुकराज न्यौपाने<br>रुक्मणी पौडेल | ९८४४७८८१३१<br>९८४७०६२५२६ |

| | | | |
|---|---|---|---|
| ३ | पशु चिकित्सा तथा प्रयोगशाला शाखा | डा. सुमन बन्जाडे<br>किरन चौधरी | ९८४७५५१८५९<br>९७४८८४४६०६ |
| ४ | लेखा शाखा | टोल प्रसाद पोखेल | ९८४८२६६७१६ |
| ५ | आर्थिक प्रशाशन शाखा | द्रुपता खनाल | ९८४७२७६१६७ |
| ६ | सब ईन्जिनियर | प्रविन घिमिरे | ९८४८९२८४०९ |
| ७. | गुनासो सुन्ने अधिकारी | दिपक भुसाल | ९८५७०२४१०९ |

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः

| क्र.सं. | प्रदान गरिने सेवा | लाग्ने दस्तुर | कैफियत |
|---|---|---|---|
| १. | **गाई/ भैसी** | | |
| | दर्ता शुल्क | २०।- | |
| | शव परीक्षण | २५०।- | |
| | साधारण सल्यक्रिया | २०।- | |
| | जटिल सल्यक्रिया | २००।- | |
| २. | **हात्ति/ घोडा/ बाँदर** | | |
| | दर्ता शुल्क | ५०।- | |
| | शव परीक्षण | ५००।- | |
| | साधारण सल्यक्रिया | २५०।- | |
| | जटिल सल्यक्रिया | ५००।- | |
| ३. | **भेडा/ बाखा/ खरायो** | | |
| | दर्ता शुल्क | १०।- | |
| | शव परीक्षण | ५०।- | |
| | साधारण सल्यक्रिया | २०।- | |
| | जटिल सल्यक्रिया | १००।- | |
| ४. | **सुंगुर/ बंगुर** | | |
| | दर्ता शुल्क | १०।- | |
| | शव परीक्षण | ५०।- | |
| | साधारण सल्यक्रिया | ५०।- | |
| | जटिल सल्यक्रिया | २००।- | |
| ५. | **कुखुरा/ हाँस अन्य** | | |
| | दर्ता शुल्क | १०।- | |
| | शव परीक्षण | ५०।- | |
| ६. | **कुकुर/ बिरालो अन्य पेट एनिमल** | | |
| | दर्ता शुल्क | ५०।- | |
| | शव परीक्षण | २५०।- | |
| | साधारण सल्यक्रिया | २५०।- | |
| | जटिल सल्यक्रिया | ५००।- | |
| ७. | **रगत परीक्षण** | १००।- | |
| ८. | **गोबर परीक्षण** | २०।- | |
| ९. | **एक्स रे** | २००।- | |
| १०. | **अल्ट्रा साउण्ड** | ३००।- | |

| | | | |
|---|---|---|---|
| ११. | दुध परीक्षण (Culture AST) | १००।- | |
| १२. | दाना परीक्षण | २००।- | |
| १३. | Rapid diagnosis test (FMD,PPR, Ranikhet) | ५००।- | |
| १४. | पानी परीक्षण | १००।- | |

नोट :
कार्यालयमा पेश गर्नुपर्ने निवेदन तथा फारमहरु निःशुल्क रुपमा कार्यालयमा रहेको हेल्प डेक्सबाट उपलब्ध हुने सुविधा रहेको ।

## ७. निर्णय गर्ने प्रक्रिया र अधिकारी:

कार्यालयमा स्टाफ बैठक बसी एवं कार्यविधिमा उल्लेख भएको व्यवस्था अनुसार निर्णय गर्ने तथा अन्तिम अधिकार कार्यालय प्रमुखलाई हुने।

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारी:

निर्णय उपर उजुरी सुन्ने अधिकार कार्यालय प्रमुखको रहनेछ।

## ९. सम्पादन गरेको कामको विवरण: (प्रगति)

हजारमा

| सि.नं. | ब.उ.शी.नं. | कार्यक्रम शिर्षक | जम्मा बजेट | चौथो त्रैमासिकको | | | चौथो त्रैमासिक सम्मको | | | कुल बजेटमा प्रगती प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | बजेट | खर्च | प्रगति प्रतिशत | बजेट | खर्च | प्रगति प्रतिशत | | |
| १ | ३१२०२०१४३ | साधारण चालु | २०२०० | ५८०० | १८६६० | ३२१.७८ | २०२०० | १३४५६.९ | ६६.६२ | ६६.६२ | |
| २ | ३१२०२०१४१ | साधारण पुँजीगत | ५० | ० | ० | | ५० | ५० | १००.०० | १००.०० | |
| ३ | ३१२०००१०३ | कृषि उत्पादन खाद्य तथा पोषण कार्यक्रम | ३५६९२ | २३३१८ | २८०९२.३ | १२०.४५ | ३५६९२ | २८०९२.२ | ७८.७० | ७८.७० | |
| ४ | ३१२०००१३३ | स्मार्ट कृषि कार्यक्रम | २५०० | १३५० | ३८.८ | [illegible] | २५०० | १२४.४ | ४.९८ | ४.९८ | |
| ५ | ३१२०००१८३ | सेवा टेवा विस्तार कार्यक्रम | ११६०५ | २५०४ | ९३०६.९ | ३७१.८४ | ११६०५ | १०६०३.२ | ९१.४० | ९१.४० | |
| ६ | ३१२०००१०३ | मत्स्य विकास तथा प्रवर्द्धन कार्यक्रम | ४५३८ | ३२ | २००८.६ | ६२७७.०३ | ४५३८ | २०४४.३ | ४५.०१ | ४५.०१ | |
| ७ | ३१२०००२१३ | पशु विकास तथा पशु स्वास्थ्य नियमन कार्यक्रम | ७७२३ | १३०७ | ६२९७.१ | ४८१.८० | ७७२३ | ७४६९.३ | ९६.७२ | ९६.७२ | |
| ८ | [illegible] | पशु सेवा विभाग संघ [illegible] | १००० | ० | ० | ०.०० | १००० | ९९९.५ | ९९.९५ | ९९.९५ | |
| | | जम्मा | ८३३०८ | ३३४३१ | ५३३५३.१ | १५९.८३ | ८३३०८ | ६३२६४.९ | ७५.९४ | ७५.९४ | |

## १०. कार्यलय प्रमुख र सूचना अधिकारीको नाम पद:

| विवरण | नाम | पद |
|---|---|---|
| कार्यलय प्रमुख | दिपक भुसाल | मत्स्य विकास निर्देशक |
| सूचना अधिकारी | रुची श्रीवास्तव | वरिष्ठ मत्स्य विकास अधिकृत |

## ११. कार्यविधिको सूचि:

माछा मिसन कार्यक्रम संसोधन २०७८

कृषि तथा पशुपन्छी व्यवसाय प्रर्वधन कार्यक्रम सञ्चालन कार्यविधि २०७८

कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि २०७८

कृषिकर्मी रोजगारी कार्यक्रम सञ्चालन कार्यविधि २०७७

कृषि तथा पशुपन्छी सम्बन्धी अभियानमुखि मिसन कार्यक्रम सञ्चालन कार्यविधि २०७६

कृषि तथा पशुपन्छी मत्स्य विकास कार्यक्रम सञ्चालन विधि २०७७

स्मार्ट कृषि गाँउ कार्यक्रम सञ्चालन कार्यविधि २०७७

मत्स्य विकास तथा प्रर्वधन कार्यक्रम सञ्चालन विधि २०७६

पशुपन्छी विकास कार्यक्रमसञ्चालन कार्यविधि २०७६

कृषि क्षेत्रमा हरित स्वयम सेवक विकास तथा परीचालन कार्यविधि २०७६

## १२. आम्दानी , खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण:

३ महिनामा कायम भएको जम्मा बेरुजु: शून्य (०) (फछ्र्यौट भएको बेरुजु: रु.९००८८५।-)

आ.व. २०८० ०८१ को २०८१ बैशाख देखि असार सम्मको जम्मा राजश्व: रु. ५,३२,८०।-

## १३. सूचनाको हक अन्तर्गत सूचनाको हक माग्ने र पाउनेको विवरण:

२०८१ बैशाख देखि असार मसान्त सम्म सूचनाको हक अन्तर्गत लिखित सूचना माग नगरेको तर समय समयमा फोन, वेबसाईट र फेसबुक पेज मार्फत आवश्यक सूचना प्रदान गर्ने गरेको।

तयार गर्ने:

रुची श्रीवास्तव

सूचना अधिकारी

कार्यालयको छाप:

लुम्बिनी प्रदेश सरकार कृषि तथा भूमि व्यवस्था मन्त्रालय पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र

प्रमाणित गर्ने:

दिपक भुसाल

कार्यालय प्रमुख

**प्रमुख**

**(मत्स्य विकास निर्देशक)**